# कर्जन्हा नगरपालिका
## मानव संसाधन बिकास कार्यविधि २०७७

**प्रस्तावना :**

नेपालको संविधानले मौलिक हक अर्न्तगत प्रत्येक नागरिकलाई रोजगारीको हक प्राप्त हुँदा रोजगार पाउने कुराको सुनिश्चिता गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारीको अभिवृद्धि गर्ने, श्रमिकहरूको आधारभूत अधिकारहरूको प्रत्याभूत गरी सामाजिक सुरक्षा प्रदान गर्ने, राज्यको श्रम तथा रोजगार सम्बन्धी नीतिहरूको कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाका कर्मचारी, जनप्रतिनिधि, आमनगरवासी, जात-जाति तथा समुदायको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी नगर क्षेत्रबाट नै दक्ष जनशक्ति उत्पादन गर्ने उद्धेश्यले अभिप्रेरित भई महालक्ष्मीनगर कार्यपालिकाद्वारा नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही यो कार्यविधि बनाई लागू गरिएको छ ।

### परिच्छेद– १
### प्रारम्भिकः

१) **संक्षिप्तनाम र प्रारम्भः** यस कार्यविधिको नाम "मानव संसाधन बिकास कार्यविधि २०७७" रहेकोछ ।

२) यो कार्यविधि नगर कार्यपालिकावाट पारित भई स्थानीय राजपत्रमा प्रकासन भएको मितिवाट लागूहुनेछ ।

३) **परिभाषाः** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

३.१. "मानव संसाधन विकास कार्यविधि" भन्नाले नगर कार्यपालिकाबाट जारी भएको मानव संसाधन विकास कार्यविधि, २०७४ सम्झनु पर्दछ ।



३.२. "उप समिति" भन्नाले मानव संसाधन विकास कार्यविधि अर्न्तगत गठन भएको उपसमिति सम्झनु पर्दछ ।

### परिच्छेद–२
### मानव संसाधनको विषय र क्षेत्रगत व्यवस्थापन

४) **मानव संसाधन विषयः** नगर कार्यपालिका क्षेत्र भित्र मानव संसाधनका क्षेत्र देहाय बमोजिम हुनेछन्:

४.१ औपचारिक, अनौपचारीक शिक्षा
४.२ औपचारिक, अनौपचारीक तालीम
४.३ विज्ञान, प्रविधिबारे तालिम
४.४ रूपान्तरण, क्षमता विकास, अधिकार र कर्तव्य पालनको प्रयोग,
४.५ प्राविधिक ज्ञान र सीप विकास
४.६ घरेलु तथा हाते सीप
४.७ आधुनिक औजार, उपकरण संचालन सम्बन्धी क्षमता विकास
४.८ प्राप्त ज्ञान, सिपको स्तर उन्नती र प्रमाणिकरण
४.९ आधुनिक कृषि तथा पशु विकास सम्वन्धि तालिम
४.१० समाजमा आवश्यक भएका अन्य सीपहरू

### परिच्छेद–३
### उपसमितिको गठन, विघटन एवं काम, कर्तव्य रअधिकार

५) **मानव संसाधन विकास व्यवस्थापनः** नगर कार्यपालिकाले मानव संसाधन विकासको लागि देहायको व्यवस्था गर्नेछ :–

५.१ उपसमिति गठन
५.२ विषयको छनौट
५.३ आर्थिक व्यवस्थापन
५.४ सहजकर्ता र प्रशिक्षकको व्यवस्थापन
५.५ सहभागी छनौट व्यवस्थापन
५.६ मूल्याङ्कन व्यवस्थापन

६) **उप समिति गठन प्रकृयाः** माथि ५.१ म उल्लेखित मानव संसाधन विकास उपसमिति देहाय बमोजिम गठन गरिनेछ :–

६.१ संयोजकः नगर कार्यपालिका बैठकले तोकेको व्यक्ति १ जना

६.२ सदस्यःनगर कार्यपालिकाका सदस्य मध्येबाटकम्तीमा २ महिला सहित४ जना

६.३ सदस्य : नगर क्षेत्र भित्रका गैह्सरकारी संस्था (NGO)तथा अन्तराष्ट्रिय गैह्सरकारी संस्था (INGO) हरूमध्येबाट नगर कार्यपालिकाले छानेका १ महिला सहित२ जना

६.४ सदस्यः वित्तीय क्षेत्रमा काम गर्ने व्यक्ति, सहकारी, वैकहरू मध्येवाट नगर कार्यपालिकाले छानेको २ जना

६.५ सदस्यः महालक्ष्मीउधोग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको व्यक्ति१ जना

६.६ सदस्य सचिवः कर्मचारी नगरकार्यपालिकाले तोकेको१जना

७) **काम, कर्तव्य र अधिकारः** मानव संसाधन विकास उपसमितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

७.१ चालु बर्षको लागि मावन संसाधनको विषय किटान गर्ने,

७.२ मानवसंसाधनको विकासको योजना बनाई नगरकार्यपलिकाको स्वीकृतिमा लागू गर्ने,

७.३ मानव संसाधनको विकासको आवधिक मुल्याIन गर्ने,

७.४ मानव संसाधनको विकासको परियोजना तयार गर्ने,

७.५ तोकिए अनुसारका अन्य काम गर्ने,

७.६ आफ्नो कामको प्रगती प्रतिवेदन नगर प्रमुखसमक्ष पेशगर्ने ।

८) **उप समितिको कार्यकालतथा विघठनः**उप समितिको कार्यकाल तीन वर्षको हुनेछ । तर देहायका अवस्थामा जुन सुकै वेला विघठन गर्न सक्नेछ,

८.१ पदको दुरूपयोग गरी भ्रष्टचार गरेमा,

८.२ निस्कृय भई काम नगरेमा,

८.३ नैतिक चरित्र पतन हुने काम गरेमा,

८.४ अधिकार भन्दा बाहिर गईकाम गरेमा,



८.५ नगरपालिकामा सूचीकृत गैह्सरकारी संस्था (NGO) तथा अन्तराष्ट्रिय गैह्सरकारी संस्था (INGO)सँग मिलेमतोगरी लाभ प्राप्त गरेमा वा गर्ने प्रयत्न गरेमा,

८.६ आर्थिक अनियमितता गरेमा

## परिच्छेद–४

## आचार संहिता

९) **आचार संहिताः** मानव संसाधन विकास उपसमितिले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः–

९.१ सामाजिक मर्यादा पालना गर्नु पर्नेछ,

९.२ सामाजिक कर्तव्य पालना गर्नु पर्नेछ,

९.३ वर्ण, लिङ्ग र जातका आधारमा भेदभाव गर्न पाईने छैन,

९.३ संसाधन विकासका लागि सवै वर्ग, क्षेत्र, लिङ्ग, जातजातीलाई समान अवसर दिनुपर्नेछ,

९.४ योग्यता क्षमताको कदर गर्दै पक्षपात रहित काम गर्नु पर्नेछ,

९.५ आफ्नै विषयमा आफै संलग्नता भई काम गर्न पाईने छैन ।

–ooo–